**<u>प्रस्तावहरुः</u>**

२०८२/०८३-१६।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८२/०८३-१६।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८२/०८३-१६।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८२/०८३-१६।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८२/०८३-१६।०५ गाउँसभा अधिवेशन सम्बन्धमा ।

२०८२/०८३-१६।०६ निकासा माग सम्बन्धमा ।

२०८२/०८३-१६।०७ विविध सम्बन्धमा ।

नगर प्रहरी व्यवस्थापन सम्बन्धमा ।

बेलि ब्रिज सम्बन्धमा ।

प्रशासकीय भवनको म्याद थप सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०१</u>**

प्रस्ताव नं २०८२/०८३-१६।०१ उपर छलफल गर्दा १८३औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०२</u>**

प्रस्ताव नं २०८२/०८३-१६।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०३</u>**

प्रस्ताव नं २०८२/०८३-१६।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०४</u>**

प्रस्ताव नं २०८२/०८३-१६।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०५**

प्रस्ताव नं २०८२/०८३-१६।०५ उपर छलफल गर्दा मिति २०८३/०३/०९ गते हुने २० औं गाउँसभा अधिवेशनको सम्पुर्ण तयारी पुरा भएकाले उक्त कार्यमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरूलाई धन्यबाद सहित आजकै मितिमा हुने गाउँसभा अधिवेशनलाई सफलतापुर्वक सम्पन्न गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०६**

प्रस्ताव नं २०८२/०८३-१६।०६ उपर छलफल गर्दा सङ्घीय सरकार सशर्त अनुदान (क्रमागत) अन्तर्गत यस कार्यालयको प्रशासकीय भवन निर्माणका लागि आयोजना छनौट भइ रकम रू.१०,८७,६७,०१४.४६ (अक्षरेपि दस करोड सतासी लाख सत्सठ्ठी हजार चौध रूपैयाँ छयालिस पैसा) को **National Competitive Bidding (NCB)** मार्फत ठेक्का आह्वान गरिएकोमा मिति २०८२/०१/३१ मा रू ७,७९,५४,२०९.२२ (भ्याट सहित) (अक्षरेपि सात करोड उनासी लाख चौवन्न हजार दुइ सय नौ रूपैयाँ बाइस पैसा) **RIPL-MCPL JOINT VENTURE** सँग ठेक्का सम्झौता भइ हालसम्म भौतिक प्रगति ९८% र वित्तीय प्रगति ८४.०७% भएको। सो सन्दर्भमा हालसम्मको मुल्याङ्कित रकम रू. ६,६२,११,७८३.१९ (अक्षरेपि छ करोड बैसठ्ठी लाख एघार हजार सात सय त्रियासी रूपैया अन्नाइस पैसा मात्र) मध्ये उक्त निर्माण कम्पनीलाई भुक्तानी हुन बाँकी रकम रू.९१,५०,१५७.१५ (अक्षरेपि एकानब्बे लाख पचास हजार एक सय सन्ताउन्न रूपैयाँ बयासी पैसा मात्र) रहेको। सम्बन्धित निर्माण व्यवसायीलाई हालसम्म गाउँपालिका तर्फबाट रकम रू ३,७२,६०,१११/- (अक्षरेपि तिन करोड बहत्तर लाख साठी हजार एक सय एघार मात्र) र सङ्घीय सरकारबाट रु १,८३,५९,१८०/- (अक्षरेपि एक करोड त्रियासी लाख उनान्साठी हजार एक सय असी मात्र) भुक्तानी भएको। मुल्याङ्कित रकम समेतको भुक्तानी गर्दा सङ्घीय सरकारबाट साझेदारी बापत हुन आउने बाँकी दायित्व रकम रू. २,१३,६७,८८९.९१(अक्षरेपि दुइ करोड तेह्र लाख सठसठ्ठी हजार आठ सय उनान्नब्बे रूपैयाँ एकानब्बे पैसा मात्र) भएकोमा सङ्घीय सरकारबाट नियमित रूपमा निकासा नभएको तर परियोजनालाई निरन्तरता दिन गाउँपालिकाको आन्तरिक स्रोतबाट गाउँपालिकाको साझेदारी वापत हुन आउने रकमभन्दा बढि भुक्तानी गरिएकाले गाउँपालिकाले भुक्तानी गरेको रकमलाई शोधभर्ना गरी सङ्घीय सरकारको साझेदारी बापतको बाँकी रकम भुक्तानी दिन स्थानीय पुर्वाधार विकास विभागलाई सिफारिस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१६।०७**

प्रस्ताव नं २०८२/०८३-१६।०७ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका कास्कीको नवनिर्मित प्रशासकीय भवन तथा रूपाकोट अस्पताल लगायत कार्यालयका सामग्रीहरूहरूको सुरक्षाका लागि नगर प्रहरी व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका वडा नं ५ संहेला र पोखरा महानगरपालिका ३२ जोड्ने गरी निर्माण गरिने भनिएको स्थानमा गण्डकी प्रदेश सरकारले पुल निर्माण गर्नेगरी टेन्डर आह्वान गरेकाले उक्त स्थानमा जडान गरिने भनिएको बेलि ब्रिज रूपा गाउँपालिका वडा नं ५ र ६ को सिमानामा पर्ने आँपुखोलामा जडान गर्ने निर्णय गरियो ।

ग) चालु आर्थिक वर्षका लागि यस कार्यालयबाट खर्च लेख्नेगरी **ढुङ्गा गिटी बालुवा आदिको IEE परामर्श खर्च शीर्षकमा** रकम रू २ लाख विनियोजन भएकोमा उक्त खर्च शीर्षकको स्रोत

अन्तर्गत स्थानीय राजस्व बाँडफाँडबाट रकम रू १ लाख उपशीर्षक कायम भएको र सो बापतको अनुमानित स्रोतमा रकम अपुग भएको ।सो सन्दर्भमा रूपा गाउँपालिका क्षेत्रमा रहेका नदिजन्य पदार्थको उत्खनन् तथा सङ्कलनका लागि IEE गर्न परामर्शकर्ताको रूपमा हेड जिओ इन्जिनियरीङ सोलुसन प्रा.लिसँग रकम रू १ लाख २९ हजार ४९८ मा कार्यसम्पादन गर्नेगरी सम्झौता भएको ।उक्त परामर्शकर्ताले कार्यसम्पन्न गरी प्रतिवेदन सहित कागजात पेस गरेकाले निजको भुक्तानीको लागि अपुग रकम रू २९ हजार ४९८ कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

घ) विभिन्न स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरू, सङ्घीय तथा प्रादेशिक मन्त्रालय, संवैधानिक निकाय तथा कार्यालयहरूका पदाधिकारी, कार्यालय प्रमुख लगायतका कर्मचारीहरुको टोली यस गाउँपालिकामा विभिन्न मिति र समयमा भएको अनुगमन, असल अभ्यास आदानप्रदान तथा पाहुनाको रूपमा आगमन हुँदा खाना, खाजा खर्च वापत विल अनुसारको रकम भुक्तानी पाउँ भनि तपसिलका रेष्टुरेण्ट/खाजा घरले आवश्यक विल भरपाई र कागजातहरु पेश गरेकाले उक्त खर्च अनुमोदन गरी पेस भएका विल भरपाई र कागजातहरुका आधारमा विविध खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

| क.सं. | रेष्टुरेण्ट/खाजा घर | रकम | कैफियत |
|---|---|---|---|
| १ | रुपाताल गार्डेन रेष्टुरेण्ट एण्ड लज रुपा ६ | ५७३४०।- | |
| २ | झरना खाजा घर रुपा ६ | ५७७४०।- | |

ङ) गाउँपालिका भित्रका विभिन्न वडाका क्लब तथा खेलाडी समूहहरुको अत्याधिक माग बमोजिम भलिवल खेल सञ्चालन र प्रशिक्षणका लागि भलिवल आवश्यक परेको तथा रूपा गाउँपालिका स्थापना दिवसको अवसरमा अध्यक्षकप भलिबल प्रतियोगिता सञ्चालनार्थ आवश्यक भलिबलहरू खरिद गर्नुपर्ने आवश्यकता देखी एन.भि.ए.स्पोर्टस प्रा.लि .मार्फत खरिद भएका खेलकुद सामाग्रीहरुको पेश भएका आवश्यक कागजातहरुको आधारमा रकम रु.८७०१०/- भुक्तानी दिने निर्णय गरियो ।

च) रूपा गाउँपालिकाभित्र विभिन्न मिति र समयमा भएको दुर्घटना तथा तथा आकस्मिक मृत्यु भएका, न्युन आए तथा पहिचान नखुलेका मानिसहरुको शव पोष्टमार्टमका लागि शववाहन मार्फत सम्बन्धित स्थानमा लाने ल्याउने कार्य गरेवापत पो.म.पा.-३० स्थित नागरिक परोपकार समन्वय संस्थालाई रु .९०००।- भुक्तानी दिने निर्णय गरियो ।

मिति २०८३ असार ०९ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(अनन्त राज न्यौपाने)

प्रमुख प्रशासकीय अधिकृत

मितिः...................... रुपा गाउँपालिका कास्की